## मिति २०७५/५/५ गतेको नगरकार्यपालिका को निर्णय

**निर्णय नं १**

नेपाल सरकारले विश्व बैंक बाट scaling up Renewable Energy Program(SERP): extended Biogas project को लागि अनुदान प्राप्त गरेको र सोको केही अंश यस नगरपालिका भित्र उत्पादन हुने फोहरहरुलाइ ब्यवस्थित गरी उर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको र सोही बमोजिम यस नगरपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र विच एक समाफदारी पत्रमा हस्ताक्षर समेत भएको हुँदा सो समझदारी पत्र अनुसार यस नगरपालिका ले बैकल्पिक उर्जा उर्जा प्रवर्द्धन केन्द्र संगको सहकार्यमा यस नगर क्षत्रमा उत्पन्न फोहर बाट उर्जा उत्पादन गर्ने लक्ष्य सहित नगर फोहर ब्यवस्थापनका माध्यमबाट फोहर वाट उर्जा उत्पादन गर्ने कार्यमा विश्व बैंक बाट स्वीकृत विधि एंव प्रकृया बमोजिम एक योग्य निजि लगानिकर्ताको छनोट का लागि यस नगरपालिका बाट योग्यता सम्वन्धि सार्वजानिक सुचना अह्वान गरी फोहर मैला ब्यवस्थापनको कार्य नगरपालिकाको अनिवार्य भएकाले यसको ब्यपस्थापन समुचित तवर वाट हुनु पर्ने सन्दर्भमा यस विषयमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संग यस नगरपालिकाले सहकार्य गरी अगाडी बढ्न सकेमा ब्यवस्थापन कार्यमा अझै प्रभावकारीता आउन सक्ने तथा यस नगरपालिका र नगरबासी समेतको हित हुने महसुस भएकाले यस सम्वन्धमा निम्न न्युनतम सर्तका आधारमा सार्वजनिक सुचना समेत गरी नियमअनुसार प्रकृया अगाडी बढाउनको लागि नगरकार्यपालिकाको कार्यलयलाई जिम्मेवारी दिने ।

निम्न

१. फोहर ब्यवस्थापनका माध्यमबाट फोहरबाट उर्जा उत्पादन गर्ने कार्यमा वैकल्पिक उर्जा प्रवर्दन केन्द्र संग थप सहकार्य गर्ने र प्रकृया तत्काल अगाडि बढाई उक्त केन्द्र संग समन्वय गर्ने।
२. फोहर ब्यवस्थापन गरी सोबाट उर्जा निकाल्न विस्तृत सम्भाव्यता अध्यन वा अन्य उपयुक्त अध्यन गराउन वैकल्पिक उर्जा प्रवर्दन केन्द्र संगको सहकार्यमा सहमति दिने।
३. विस्तृत सम्भाव्यता अध्यन तथा फोहरवाट उर्जा उत्पादन गर्ने कार्यमा निजि क्षत्रलाई लागानि सहित डिजाइन, लगानि, निर्माण, स्वामित्व ग्रहण, संचालन र हस्तानतरण (DBFOOT) विधि मार्फत सरिक गराउने र यसको लागि नगरपालिका बाट निम्न सर्त तथा सुविधाहरु प्रदान गर्ने सुनिश्चिता गर्ने:
    - क. फोहर बाट उर्जा उत्पादन गर्ने प्रयोजनको लागि कम्तिमा २० वर्ष अवधि सम्मको लागि नगरको उत्पादीत फोहर निजि लगानिकर्तालाई उपलब्ध गराउने र २० वर्ष पछि सम्पुर्ण मेशिन, औजार तथा उपकरण सहित छनोट गरीएको निजि क्षेत्रले नगरपालिकालाई चालु अबस्थामा हस्तानतरण गर्ने ।
    - ख. यस नगरपालिकाको फोहर व्यवस्थापन केन्द्र ल्याण्डफिल साइटमा रहेको जग्गा मध्ये २ बिगाह जग्गा फोहर बाट उर्जा उत्पादन तथा हरियाली तथा पार्क लागानिकर्ताले निर्माण गर्ने र अन्य जग्गा फोहर व्यबस्थापन प्रयोजनको लागि उपलब्ध गराउने तर सो जग्गा सहित फोहरवाट उर्जा उत्पादन प्लान्ट २० वर्ष पछि निजि लगानि कर्ताले चालु अबस्थामा नगरपालिकालाई हस्तानतरण गर्ने तथा तोकिएको मापदण्ड पुरा गर्ने गरी निजि क्षेत्रले निजि जग्गामा समेत प्लान्ट स्थापना गर्न सक्ने ।
    - ग. परियोजनाको लागी आवश्यक पर्ने जैविक फोहरलाई स्रोतमा नै छुट्याउने आशयले प्रत्यक वर्ष २० प्रतिसत घर धुरीका दरले ५ वर्ष भित्र नगरपालिका,निजि लगानीकर्ता र सर्वसाधारण घरधनिको संयुक्त लगानीमा प्रत्यक घरधुरीमा दुईवटा फोहर संकलन गर्ने फोहरदानी कार्यान्वयनमा ल्याउने।

४. नगरपालिकाले परियोजना अवधिभर भैपरी आउने विभिन्न प्रकारका बाधा व्यवस्थापन जस्तै फोहर संकलन, ढुवानी ,प्रोसेसिङ्ग तथा डिस्पोजल को समाधानको लागी नेतृत्वदायी तथा निर्णायक भुमिका निर्वाह गर्ने ।
५. फोहरबाट उर्जा परियोजनाको लागि सम्झौता भएको समय देखी ५ वर्ष सम्म नगरपालिकाले फोहर संकलन गर्न र सो अवधि पश्चात लगानिकर्ताले आफैले वा आपसी सहमतिमा गरिने ।
६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले विश्व बैंक को स्विकृतिमा प्राप्त भएको document लाई कार्यन्वयनमा ल्याउने।

**निर्णय नं २**

सार्वजनिक सेवा तथा क्षमता विकास समिति वाट पेश भएको वीरेन्द्रनगर नगरपालिकाको वडा तहको नागरिक वडापत्र स्वीकृत गर्ने ।

**निर्णय नं ३**

यस नगर भित्रको रत्न राजमार्ग,हर्टलाइन सडक,मुख्य बजार क्षेत्र, सरकारी कार्यलय क्षत्रका विभिन्न स्थानमा देहायको संख्यामा सोलार जडित आधुनिक बस/ ट्याक्सी /अटो स्टप, ट्राफीक अम्ब्रेला निर्माण, सार्वजानिक घुम्ति शौचालय, सोलार बत्ति पोल सहित उपकरणहरु जडान गरी विज्ञापन सामाग्री राखेर प्रचार प्रसार गरी वार्षीक रुपमा नगरसभाले निर्धारण गरे बमोजिम नगरपालिकाको स्वीकृत एंव अनुमति लिई विज्ञापन करको दर रेटमा विज्ञापन कर बुझाउने गरी अधिकतम १५ वर्ष सम्म यस नगर क्षेत्र भित्र सोलार जडित विधुतिय माध्यम बाट विज्ञापन सामाग्रीहरुको प्रसारण संचालन एंव ब्यवस्थापन गर्ने इच्छुक संघ संस्था एंव कम्पनिहरुवाट प्रस्ताव आह्वान गर्ने ।

निम्न:

१. सोलार जडित आधुनिक बस /ट्याक्सी स्टप निर्माण गर्ने २५ स्थान ।
२. ट्राफिक अम्ब्रेला(बुथ) निर्माण २५ स्थान ।
३. सार्वजानिक घुम्ति शौचालय १० स्थान ।
४. सोलार बत्ति पोल सहित उपकरण जडान गर्ने ३५० स्थान ।

**निर्णय नं ४**

यस नगरपालिकाको बजार एवं शहर ब्यवस्थापन अभियान २०७४ अन्तरगत भए गरेका विभिन्न गतिविधि का बारेमा समिक्षा गर्दै वीरेन्द्रनगर बजारलाई सफा ब्यपस्थित गर्न तत्काल निम्न कार्य गर्ने ।

निम्न:

१. मंगलगढी चोकको आसपास सडकको क्षेत्रका सम्पुर्ण ठेला,खाट लगायतका अस्थाई सबै पसलहरु ७(सात) दिने सुचना दिई हटाउने ।
२. वर्षातको कारणले विभिन्न वडामा नउठेका फोहरलाई वडा समिति संग समन्वय गरी प्रत्यक वडामा १/१ दिन दिउसो समेत फोहर संकलनको व्यवस्था मिलाउने ।

३. मंगलगढी चोकको दक्षिण तर्फको क्षेत्रमा खाल्डो पुरी अटो पार्कीङ् को ब्यवस्था गर्नु को साथै अन्यत्र जथाभावी पार्कीङ् मा रोक लगाउने ।

**निर्णय नं ५**

गत आ.व २०७४/०७५ को बजेट तथा कार्यक्रम अनुसार विविध कारणले २०७५ अषाढ मसान्त सम्म सम्पन्न हुन नसकेका वडा स्तरिय योजनाहरुको म्याद २०७५ भाद्र मसान्त सम्म थप गरी सोही अवधि भित्र भक्तानी गर्ने

**निर्णय नं ६**

पुराना भवनको अभिलेख व्यवस्थापन सम्बन्धि निर्देशिका २०७५ बमोजिम पुराना भवनहरुको सर्जमिन मुचुल्का गर्ने प्रयोजनको लागि प्रति भवन रु ७५ सम्वन्धित कर्मचारी लाई दिने व्यवस्था भएको मा रु २५ थप गरी रु१०० भुक्तानि दिने ।

**निर्णय नं ७**

कार्यलय बाट पेश भएको सम्पतिकर व्यवस्थापन कार्यविधि २०७५ आजको बैठक बाट टेवुल गरियो

**निर्णय नं ८**

यस कार्यलयमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सेव करारमा कार्यरत सुचना प्रविधि अधिकृत श्री भानु भक्त रेग्मीको करार म्याद २०७५ अषाढ मसान्तमा सकिएको र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ४७७ मिति २०७५/०३/२४ को पत्र अनुसार निजको तलब स्केलमा २५ प्रतिशत लागत सहभागिता बेहोर्ने गरी ६ महिनाका लागि म्याद थप गर्ने अनुरोध भएको सन्दर्भमा निजलाई अधिकृत छैठौ स्तरको तलब स्केलको २५ प्रतिशत लागत सहभागिता हुने गरी निजको करार म्याद थप गर्ने